विक्रम संवत् १९५८ देखि निरन्तर प्रकाशित ● गणतन्त्र नेपालको समावेशी राष्ट्रिय दैनिक

# गोरखापत्र

निरोगी सबै हुन् सबै हुन् सुखीया। सबै वेस देखुन् नहुन् क्वै दुखीया॥

३० गते आइतवार ● श्रावण शुक्ल षष्ठी ● नेपाल संवत् ११३० गुँलाथ्व ● पृष्ठ १२+४ ● मूल्य पाँच रुपियाँ ● GORKHAPATRA DAILY, August 15 2010 ● Website, http, //ww

## रौतहटमा अझै सुध्रिएन मानव अधिकारको स्थिति

रौतहट समाचारदाता

रौतहट, साउन २९ गते। मानव अधिकारको क्षेत्रमा कार्यरत एक संस्थाले रौतहटमा मानव अधिकारको स्थितिमा सुधार नआएको जानकारी दिएको छ।

हिमालयन ह्युमन राइट्स मोनिटर्स (हिमराइट्स) रौतहटले शुक्रबार चन्द्रनिगाहपुरमा पत्रकार सम्मेलन गरी उक्त कुराको जानकारी दिएको हो। सन् २०१० को फेब्रुअरीदेखि जुलाई महिनासम्म ६ महिनाको प्रतिवेदनमा जिल्लामा बढ्दो हत्या, अपहरण, धम्की, बलात्कार तथा बन्दलगायतका हिंसात्मक कार्यहरूले गर्दा मानव अधिकारको स्थिति सुधारात्मक नभएको हिमराइट्सका जिल्ला संयोजक विदुर घिमिरेले दाबी गर्नुभयो।

हिमराइट्सको प्रतिवेदन अनुसार उक्त ६ महिनामा एक बालकसहित ६ को हत्या भएको छ। दुई अपहरणमा परेका छन्। सात जना यौन दुर्व्यवहारका सिकार भएका छन्। विभिन्न सङ्घ, सङ्गठन र राजनीतिक दबावका कारण विद्यालय १२ दिन बन्द रहेको छ भने जिल्ला १९ दिन बन्द भएको छ। यसैगरी महिला तथा घरेलु हिंसा चार र बम विस्फोटमा परी दुई जना घाइते भएका छन्। बन्द हड्तालका कारण शिक्षण संस्थाहरू समेत बन्द भई बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको हनन् भएको छ। बालबालिकालाई राजनीतिक क्रियाकलापमा समेत पर्याप्त मात्रामा प्रयोग गरेको हिमराइट्समा अभिलेख रहेको छ।

**विभिन्न भूमिगत पार्टीको नाममा भइरहेका हत्या, अपहरण, बलात्कार, बम विस्फोट, विद्यालय बन्द तथा चन्दा आतङ्कले विगतको ६ महिना जिल्ला आक्रान्त बनेको प्रतिवेदनमा उल्लेख छ।**

विभिन्न भूमिगत पार्टीको नाममा भइरहेका हत्या, अपहरण, बलात्कार, बम विस्फोट, विद्यालय बन्द तथा चन्दा आतङ्कले विगतको ६ महिना जिल्ला आक्रान्त बनेको प्रतिवेदनमा उल्लेख छ। अझै पनि भूमिगत समूहका कार्यकर्ताहरूले स्थानीय व्यापारी, शिक्षक, बालबालिका, सञ्चारकर्मी तथा सर्वसाधारणहरूसँग चन्दा माग्ने, नदिएमा अपहरण गर्ने र धम्की दिनेजस्ता कार्यले निरन्तरता पाइरहेको संयोजक घिमिरेले बताउनुभयो।

राज्यद्वारा लागू गरिएको विशेष सुरक्षा व्यवस्थाको प्रभावकारी अवलम्बनले गर्दा जिल्लामा शान्तिसुरक्षाको स्थितिमा सुधार आएको सुरक्षा निकायको दाबी भए पनि भूमिगत रूपमा सञ्चालित सशस्त्र समूहका क्रियाकलापले मानिसको बाँच्न पाउने अधिकार तथा समग्र सुरक्षामाथि चुनौती दिइरहेको बताउनुहुन्छ संयोजक घिमिरे।